# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, पुस २१ गते, २०८२ साल (सङ्ख्या ०३


## भाग ४

### बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०९।१६ गतेको बैठकको निर्णयानुसार चालु आर्थिक वर्षको सवारी साधन कर, केही दस्तुर र जरिवाना छुट सम्बन्धमा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. Gen-Z प्रदर्शनको क्रममा आगजनी तथा तोडफोडका कारण सवारी साधन पूर्णरुपमा क्षति भएको भन्ने व्यहोराको प्रहरी मुचुल्का लगायत पूर्ण क्षति पुष्ट्याइँ हुने आवश्यक प्रमाण कागजात पेस भएमाः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका निकायहरुको स्वामित्वमा रहेका सवारी साधनहरु, सार्वजनिक संस्थान, प्रतिष्ठान, बोर्ड, आयोग, समितिका स्वमित्वमा रहेका सवारी साधनहरु, पर्यटक सवारी साधनहरु एवम् निजी सवारी साधनहरु पूर्ण क्षतिग्रस्त भएको हकमा लगत कट्टा गर्ने प्रयोजनको लागि चालु आर्थिक वर्ष २०८२।८३ को मात्र सवारी साधन कर र नवीकरण दस्तुर छुट दिने।

(ख) उक्त प्रदर्शनको क्रममा पूर्ण रुपले क्षतिग्रस्त भएका सार्वजनिक (भाडाका) सवारी साधनको हकमा लगत कट्टा गर्ने प्रयोजनको लागि चालु आर्थिक वर्ष २०८२।८३ को मात्र सवारी साधन कर, नवीकरण दस्तुर, जाँचपास नवीकरण दस्तुर र बाटो इजाजतपत्रको नवीकरण दस्तुर छुट दिने।

२. मिति २०८२ भाद्र २३ र २४ गतेको Gen-Z प्रदर्शनले गर्दा सेवा प्रवाह अवरुद्ध भएको कारणले यातायात व्यवस्था कार्यालयहरुमा सम्वत् २०८२ भाद्र २३ गतेदेखि सेवा सुचारु नभएसम्मको अवधि भित्र दस्तुर तिर्नु पर्ने अन्तिम मिति तोकिएका सवारी साधनहरुको हकमा मात्र संवत् २०८२ माघ

मसान्तसम्ममा दस्तुर बुझाउन आएमा प्रचलित कानून बमोजिम बाटो इजाजत पत्रको नवीकरण दस्तुरमा लाग्ने जरिवाना र थप जरिवाना तथा जाँचपासको नवीकरण दस्तुरमा लाग्ने जरिवाना र थप जरिवाना छुट दिने।

**आज्ञाले,**
**झलकराम अधिकारी**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-